# चौबिसे गाउँपालिकाको फुसको छाना विस्थापन सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/१८

राज कुमार विश्व
अध्यक्ष

चौबिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी धनकुटा

## चौबिसे गाउँपालिकाको फुसको छाना विस्थापन सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना: चौबिसे गाउँपालिकाभित्र रहेका आर्थिक, सामाजिक वा शारीरिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, सिमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, किसान, मजदुर, उत्पीडित तथा पिछडिएका क्षेत्रका नागरिक र आर्थिक रूपमा विपन्न वर्ग तथा घर परिवारलाई सामाजिक न्याय तथा सुरक्षाको रूपमा राहत वितरण गर्न गाउँपालिकाभित्र खरको छाना विस्थापन गर्ने उद्देश्यका लागि गाउँपालिकाले जनतामा वितरण गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न साथै गरिब, असहाय, विपन्न, द्वन्द्व पीडित, एकल महिला, विपदबाट विस्थापित नागरिकको आवास सुरक्षित नभएको र भएका घरको छानो खरको हुँदा त्यस्ता नागरिकको जीवन जोखिममा रहेकोले सो समस्या समाधान गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी चौबिसे गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "चौबिसे गाउँपालिकाको फुसको छाना विस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अध्यक्ष" भन्नाले चौबिसे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नाले कसैको संरक्षण नभएको र आम्दानीको कुनै स्थायी स्रोत नभएको व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले चौबिसे गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले चौबिसे गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले चौबिसे गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) "गरिब" भन्नाले दैनिक जीविकोपार्जन गर्नको लागि कुनै आम्दानीको स्रोत नभएको बेरोजगार व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

(छ) "प्रकोप पीडित" भन्नाले बाढी, पहिरो, भूकम्प, आगलागी जस्ता विपदबाट विस्थापित भई आफ्नो मौलिक आवास गुमाई अस्थायी खरको छाना वा यस्तै प्रकारको सामग्रीले घर बनाई बसेको व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको प्रशासकीय कार्य गर्न नेपाल सरकारबाट खटिएको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

(झ) "लाभग्राही" भन्नाले चौबिसे गाउँपालिकाबाट जस्तापाता प्राप्त गर्ने गाउँपालिकाभित्र स्थायी बसोबास भएका गरिब, असहाय, विपन्न, द्वन्द्व पीडित, एकल महिला, विपदबाट विस्थापित, आर्थिक, सामाजिक वा शारीरिक दृष्टिले पछाडि परेका व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

३. गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्नेः (१) गाउँपालिकाभित्र फुसको तथा खरको छाना विस्थापन गर्न गाउँपालिकाले वार्षिक कार्यक्रम तथा बजेट व्यवस्थापन गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्न माध्यम अवलम्बन गर्न सक्नेछ—

(क) गाउँपालिकाको नियमित बजेटबाट विनियोजन गरेर,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानको कार्यक्रम मार्फत,

(ग) गाउँपालिकाबाट विशेष वर्गका लागि सञ्चालन हुने लक्षित कार्यक्रम मार्फत,

(घ) गैरसरकारी संस्थासँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरेर,

(ङ) वडा र स्थानीय उपभोक्तासँग लागत साझेदारी गरेर ।

(३) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम वार्षिक खरिद योजना अनुसार गुणस्तरीय जस्तापाता खरिद गरी प्राथमिकताको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेछ ।

(४) गाउँपालिकाले सम्बन्धित सरोकारवाला तथा वडा निकायबाट हुने सिफारिसका आधारमा लाभग्राही छनोट गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

**४. प्राथमिकताको आधारमा लाभग्राही छनोट गर्नुपर्ने:**(१) गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्दा लक्षित समुदायको छनोट देहायका आधारमा गर्नुपर्नेछः—

(क) प्राकृतिक तथा अन्य विपद्ले घरबार विहीन भएको व्यक्ति वा परिवार,

(ख) गाउँपालिकाभित्र अपाङ्ग घरमूली भएको व्यक्ति वा परिवार,

(ग) *अनुसूची—३* बमोजिम गाउँपालिका भित्र पहिचान भएका विपन्न, गरिब घर तथा परिवार,

(घ) परिवारमा संरक्षक नभएका असहाय, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका भएका परिवार,

(ङ) गाउँपालिकाभित्र स्थायी बसोबास भएका एकल महिला भएका घर तथा परिवार,

(च) आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पछाडि परेका दलित, आदिवासी जनजाति तथा अल्पसंख्यक समुदाय र गाउँपालिकाभित्र खर तथा अन्य यस्तै सामग्रीले छाना निर्माण गरी बसेको घर तथा परिवार।

(२) उपदफा (१) बमोजिमको प्राथमिकताको आधारमा लाभग्राहीहरूको छनोट विवरणको व्यवस्थापन गर्नुपर्नेछ ।

**५. लाभग्राही समूहमा सहभागी हुन नसक्ने:** गाउँपालिकाले वितरण गर्ने जस्तापाता तथा खरको छाना विस्थापन कार्यक्रममा देहायका व्यक्ति वा परिवार लाभग्राही समूहमा सहभागी हुन सक्ने छैनन् :

(क) गाउँपालिकाभित्र एक भन्दा बढी घर रहेको र कम्तिमा एक घर खरको छाना विस्थापन भएको परिवार

(ख) घर खरले छाएको तर र गोठ तथा भण्डारण घर जस्तापाताले छाएको परिवार

(ग) लाभको पद लिएका (सरकारी वा गैर सरकारी संघ संस्थामा) व्यक्ति वा परिवार

(घ) एक भन्दा बढी घर जिल्ला भित्र वा बाहिर समेत भएको व्यक्ति तथा परिवार

(ङ) आर्थिक रूपमा जोखिममा एक घर मात्रै रहेको परिवार

(च) वडा कार्यालयबाट लाभग्राहीको रुपमा सिफारिस नभएको घर तथा परिवार ।

**६. वडा कार्यालयले विवरण तयार गर्नुपर्ने** : प्रत्येक वडा कार्यालयले आफ्नो वडा भित्रका लाभग्राहीको देहायको विवरण तयार गर्नुपर्नेछ :

(क) वडा भित्र रहेका जम्मा लाभग्राहीको संख्या,

(ख) आफ्नो वडाभित्र लाभग्राहीको प्राथमिकताको सूची,

(ग) साझेदारी गरी कार्यक्रम सहभागिता जनाउन सक्ने सम्भावित लाभग्राहीको संख्या,

(घ) गैर सरकारी संस्थाको साझेदारीमा कार्यक्रम सहभागिता गराउन सकिने लाभग्राहीको संख्या,

(ङ) लाभग्राहीको अन्य आवश्यक विवरण ।

**७. लाभग्राहीले जस्तापाता प्राप्त गर्ने प्रक्रिया तथा कार्यक्रममा सहभागिता हुन सक्ने:** (१) गाउँपालिका वा वडा कार्यालयले लाभग्राही छनोटका लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) प्राप्त आवेदन उपर वडा समितिले जाँचबुझ गरी वडा कार्यालयबाट सिफारिस गरिएका लाभग्राहीको आधारमा गाउँपालिकाले एकीकृत विवरण तयार गरी तोकिएको परिमाण र गुणस्तरको जस्तापाता वडा कार्यालयहरु मार्फत वितरण गर्नेछ ।

(३) लाभग्राहीले गाउँपालिकाको कार्यालय वा वडा कार्यालय मार्फत जस्तापाता प्राप्त गर्न खरको छाना वा यस्तै सामाग्रीले निर्माण भएको घरको छाना स्वामित्व भएको फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन पेश गर्नुपर्नेछ ।

(४) कार्यक्रममा सहभागिता हुने लाभग्राहींको प्राथमिकता यसै कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम जस्तापाता प्राप्त गर्ने घर तथा परिवारले *अनुसूची-१* बमोजिमको कबुलियतनामा गर्नुपर्नेछ।

(६) लागत साझेदारी वा लाभग्राही उपभोक्ता समूहबाट कार्यक्रममा सहभागी हुने समूहलाई तोकिएको खरिद प्रक्रिया अनुसार लागत स्टिमेट गरी सम्झौताका आधारमा कार्यक्रममा सहभागिता गराइनेछ ।

(७) गाउँपालिकाबाट वितरण हुने जस्तापाता ढुवानी वडा कार्यालयसम्म गाउँपालिकाको कार्यालयले गर्नेछ ।

(८) उपदफा (२) बमोजिम पेश गरेको निवेदन स्वीकृत भएपछि वडा कार्यालयबाट कार्यान्वयन दुई महिनाभित्र कार्य सम्पन्न गर्नुपर्नेछ ।

(९) कार्यान्वयनमा तोकिएको समयसीमा तथा कार्य सम्पन्न समय भित्र कार्य सम्पन्न नभएमा सम्बन्धित जिम्मेवार व्यक्तिबाट कार्यालयले वडा कार्यालय मार्फत फिर्ता लिनेछ ।

(१०) कार्यालयबाट प्राप्त जस्तापाताको सुरक्षा गर्ने जिम्मेवारी स्वयं लाभग्राही व्यक्तिको हुनेछ ।

(११) कार्य सम्पन्न पश्चात प्राविधिक अन्तिम मूल्याङ्कन प्रतिवेदन, अनुगमन प्रतिवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा जाँचपास र फरफारक गर्नुपर्नेछ ।

(१२) गाउँपालिकास्तरीय अनुगमन समितिले यस कार्यक्रमको समग्र अनुगमन गर्ने जिम्मेवारी हुनेछ ।

**८. दुरुपयोग गर्न नहुने :** (१) लाभग्राहीले गाउँपालिकाको कार्यालयबाट प्राप्त जस्तापाता अनधिकृत रूपमा प्रयोग गर्न, बिक्री गर्न वा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाबाट प्राप्त जस्तापाता अनधिकृत प्रयोग भएको पाइएमा वा दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित रकम गाउँपालिकाले सरकारी बाँकी सरह असुलउपर गर्नेछ ।

**९. गाउँपालिकास्तरीय निर्देशक समिति रहने :**

(१) गाउँपालिकाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकिकरण गर्न तथा कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) कार्यपालिकाले तोकेको कार्यपालिका - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) पूर्वाधार शाखा प्रमुख - सदस्य

(च) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) संयोजकले आवश्यकतानुसार साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा शाखा प्रमुखलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) कार्यक्रम सञ्चालनका स्रोतको खोजी गर्ने तथा साझेदारीको खोजी परिचालन गर्ने,

(ग) कार्यक्रमबाट लाभ प्राप्त गर्ने लाभग्राहीको प्राथमिकिकरण गर्न सहयोग गर्ने,

**१०. वडास्तरीय सहजीकरण तथा अनुगमन समिति :**

(१) वडाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकिकरण गर्न तथा जनसहयोग वितरण र कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको वडास्तरीय सहजीकरण तथा अनुगमन समिति रहनेछः

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिका सबै सदस्य - सदस्य

(ग) वडा सचिव - सदस्य

(घ) वडामा जिम्मेवारी दिएको प्राविधिक कर्मचारी - सदस्य सचिव

(२) संयोजकले आवश्यकताअनुसार वडामा साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा अन्य कर्मचारीलाई समितिमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) वडामा कार्यक्रम सञ्चालनका लागि साझेदारको पहिचान गर्ने,

(ग) वडाभित्र रहेका लाभग्राहीको प्राथमिकिकरण गर्ने,

(घ) वडाभित्र रहेका लाभग्राहीको प्राथमिकताको आधारमा जस्तापाता प्राप्त गर्न गाउँपालिकामा सिफारिस गर्ने,

(ङ) वडामा वितरण भएका जस्तापाताको लाभग्राही तथा परिमाणको विवरण राख्ने,

(च) वितरण भएको जनसहयोगको प्रतिवेदन गाउँपालिकामा नियमित रूपमा पेश गर्ने,

(ज) वितरण हुने जस्तापाताको दुरुपयोग रोक्ने तथा प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्न सहजीकरण तथा अनुगमन गर्ने ।

**११. विपद्को समयमा अन्य कोषबाट रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेः** गाउँपालिकामा कुनै प्राकृतिक विपद्को समयमा विपद् पीडित समुदायलाई तत्काल राहत उपलब्ध गराउनु पर्ने भएमा गाउँपालिकामा रहेका अन्य विपद् राहत कोष रकमबाट जस्ता खरिद गरी यस कार्यविधिको प्राथमिकता र मापदण्डको आधारमा वितरण गर्न सकिनेछ ।

**१२. एकीकृत अभिलेख तयार गरी सार्वजनिक गर्नुपर्ने :** गाउँपालिकाबाट वितरण भएका जस्तापाता तथा कार्यक्रममा सहभागी जनसहयोग प्राप्त गर्ने लाभग्राहीको विवरण *अनुसूची २* अनुसार गाउँपालिकाले वार्षिक रूपमा तयार गर्नुपर्नेछ।

**१३. यसै कार्यविधि बमोजिम गरेको मानिने :** यस अघि भएको खरको छानो विस्थापन कार्यक्रम यस कार्यविधि बमोजिम गरेको मानिनेछ ।

**१४. थपघट र हेरफेर :** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध र अस्पष्ट भएमा त्यस्तो बाधा अवरोध हटाउने प्रयोजनका लागि कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची–१
## कबुलियतनामा

चौबिसे गाउँपालिका ..... नं. वडा कार्यालय(जसलाई यस पछि प्रथम पक्ष भनिनेछ) र चौबिसे गाउँपालिका वडा नं. ... टोल,गाउँ .................बस्ने ना.प्र. नं. ......................... श्री .................................... (जसलाई यस पछि दोस्रो पक्ष भनिनेछ) दुवै बिच निम्न शर्तहरूको पुर्ण पालना गर्ने गरी दुवै पक्ष मञ्जुर भई यो कबुलियतनांमा सही छाप गरी लियौं दियौं।

क) पहिलो पक्षले दोस्रो पक्षलाई प्राविधिक लागत अनुमान बमोजिमको जस्तापाता र प्लेनसिट उपलब्ध गराउने छ।

ख) दोस्रो पक्षले वडा कार्यालयमा खर तथा यस्तै सामग्रीले बनेको घरको छानाको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी निवेदन दिनु पर्नेछ।

ग) पहिलो पक्षले दोस्रो पक्षको लागि एक घरको लागि मात्र जस्तापाता उपलब्ध गराउने छ । यदि कुनै जालसाजी गरी एकै परिवारका फरक व्यक्तिले जस्तापाता लगेको पछि थाहा हुन आएमा एक व्यक्तिले वडा कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

घ) पहिलो पक्षबाट उपलब्ध गराइएको जस्तापाताको प्रयोग गरी घर छाउने काम दोस्रो पक्षले २ महिनामा सक्नुपर्नेछ ।

ङ) गाउँपालिकाबाट वितरण हुने जस्तापाता वडा कार्यालयसम्म ढुवानी गर्ने जिम्मेवारी पहिलो पक्षको हुनेछ ।

च) गाउँपालिकाबाट प्राप्त जस्तापाता बाहेक छाना छाउन आवश्यक अन्य सामाग्री दोस्रो पक्ष स्वयम्ले व्यवस्था गर्नुपर्नेछ ।

छ) कानुन विपरीत कार्य भएको खण्डमा पहिलो पक्षले सम्झौता रद्द गर्न सक्नेछ।

ज) माथि उल्लेखित सबै शर्तहरू हामी दुवै पक्षले पढी बुझी सहमति जनाई यो कबुलियतमा हस्ताक्षर गरेका छौं। उल्लेखित बमोजिम गर्न/गराउन हामी दुवै पक्ष मञ्जुर छौं।

बुझिलिने व्यक्तिको नामः
हस्ताक्षरः

बुझाउने वडा कार्यालयको प्रतिनिधीको
नामः
हस्ताक्षर तथा छापः

अनुसूची—२

जस्तापाता वितरण सम्बन्धी अभिलेख फारम

चौबिसे गाउँपालिका, राजारानी धनकुटा, कोशी प्रदेश

वडा नं......... आर्थिक वर्ष २०.........

लाभग्राही वा निजको परिवारलाई प्रदान गरिएको जस्तापाताको विवरण

| क.सं. | मिति | लाभग्राही नाम | घरको आकार (वर्ग मि.) | प्रदान गरिने जस्तापाता (बण्डल वा संख्या) | प्रदान गरिने जस्तापाताको वर्ग फिट | जस्तापाताको संख्या र वर्ग फिट | थप सामग्री (केही भए सोको परिमाण) | हस्ताक्षर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणित गर्नेको हस्ताक्षर :

मिति :

(कार्यालयको छाप तथा हस्ताक्षर)

राज कुमार लिम्बू
अध्यक्ष

अनुसूची–३

गरीबी पहिचान गर्ने मुख्य आधारहरू

१. परिवारको आयस्रोत नभएको वा जोखिममा रहेको परिवार,

२. परिवारमा अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, जेष्ठ नागरिक, एकल महिला वा बालबालिका मात्र भएको परिवार,

३. परिवारको कुल आम्दानी न्यून भई दैनिक जीवनयापन गर्न कठिनाइ भएको परिवार,

४. कच्ची वा जीर्ण घरमा बसोबास गर्दै आएको परिवार,

५. अन्य सामाजिक तथा आर्थिक जोखिमका सूचकहरूका आधारमा अत्यन्त विपन्न ठहर गरिएको परिवार ।

राज कुमार लिम्बू
अध्यक्ष